निर्णयहरु (२०७७।०२।०६)

निर्णय नं १ :

प्रादेशिक COVID-19 Crisis Management Center को बैठकको निर्णयानुसार यस जिल्लाका सबै स्थानीयतहले निर्माण गरेका र निर्माण गरिने क्वारेन्टाईन र आईसोलेसन सेन्टरलाई मापदण्ड अनुसार व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्ने ।

निर्णय नं. २ :

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०२।०४ गतेको निर्णयानुसार लकडाउनको अवधी २०७७।०२।२० गते मध्यरातसम्म कायम भएको हुँदा उक्त अवधीसम्म यस जिल्लामा लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सर्वसाधारण नागरिकहरु अत्यावश्यक काम र बिरामी भएको अवस्था वाहेक अन्य अवस्थामा घर बाहिर ननिस्कने साथै जिल्लाका सिमाहरुबाट मानिसहरुको आवागमनलाई पूर्ण रुपमा निषेध गर्ने ।

निर्णय नं. ३ :

यस जिल्लाको मदाने गाउँपालिका वडा नं. ६ का ४१ वर्षिय पुरुषमा कोभिड-१९ Positive देखिएको उहाँले स्वास्थ्य उपचार गराईरहनु भएकोले सिघ्र स्वास्थ्यलाभको कामना गर्दछौ । संक्रमण देखिएको मदाने गाउँपालिका सिल गरी निजको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको Contact Tracing गरी आजैदेखि PCR परिक्षणको लागि swap लिने कार्य भै रहेको हुँदा आम गुल्मेलीहरुलाई हतोत्साहित नभई भ्रामक समाचारहरुप्रति विश्वास नगरि सुरक्षित रुपमा आफ्नो घरमा रहनको लागि अपिल गर्ने साथै भ्रामक र निराधार समाचार तथा सामाजिक संजालमा Status राख्नेहरुलाई कानूनी कारवाही अगाडि बढाउने ।

निर्णय नं. ४ :

अत्यावश्यक आवश्यकताका वस्तुहरु ढुवानी गर्ने सवारी साधन (खाद्यान्न, औषधी, खानेपानी, दुध, पशुपंक्षीको आहार, ग्यास तथा पेट्रोलियम पदार्थ, शव वाहन, मृत्यु संस्कार, विद्युत्त, संचार, फोहरमैला, एम्बुलेन्स, दमकल, निर्माण सामग्री, कृषि सामग्री, रायायनिक मल, कृषि उपज) हरु तथा झण्डावाला सवारी, प्रेसपास प्राप्त संचारकर्मी, कुटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग व्यक्ति तथा संघ संस्थाहरु, स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फर्मासिष्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधी उत्पादक ढुवानी र बिक्री वितरणमा संलग्न हुने जनशक्तिहरु सवार सवारी साधनहरुलाई सवारी पासको आवश्यकता नपर्ने ।निजहरुको सम्बन्धित निकायबाट जारी गरिएको परिचयपत्र साथमा राख्नुपर्ने ।

जिल्ला बाहिरबाट निमार्ण सामग्री र खाद्यान्न ढुवानी निम्नानुसार हुने ।

| सि.नं. | विवरण | बार | समय | |
|---|---|---|---|---|
| | | | छुट्ने समय | आउने समय |
| १. | निर्माण सामग्री | आइतबार<br>बिहिबार | बिहान ३/४ बजे | राती १० बजे सम्म<br>रिडीक्रस हुने |
| २. | खाद्यान्न / दाना ढुवानी | मंगलबार<br>शुक्रबार | बिहान ३/४ बजे | राती १० बजे सम्म<br>रिडीक्रस हुने |

भरतकुमार शर्मा
जिल्ला अधिकारी



Scanned with CamScanner

खाद्यान्न तथा अत्यावश्यक सामग्री ढुवानी सम्बन्धमा निम्नानुसार गर्ने ।

क) खाद्यवस्तु ढुवानी गर्ने सवारी साधनले खाद्य ढुवानीको लागि वडा कार्यालयको सिफारिस, खाद्यान्न ढुवानी गरेर फर्कदा बिल बिजकको प्रतिलिपि, खाद्यान्न ढुवानी गर्ने पसल व्यवसायको दर्ता प्रमाण पत्र साथमा राख्नुपर्ने, जिल्लाबाट बाहिर जाँदा रिडी प्रहरी युनिटमा अनिवार्य रुपमा ढुवानी गर्ने साधनको विवरण, चालकको नाम थर,लाइसेन्सको फोटोकपी, सहचालकको नाम थर, नागरिकताको फोटोकपी र सम्पर्क नम्बर अनिवार्य इन्ट्रि गराएर मात्र जाने ।

ख) ढुवानी गर्ने सवारी साधनमा चालक र सहचालक मात्र रहने । अन्य व्यक्ति रहेको पाइएमा लकडाउन अवधीभर सवारी संचालन गर्न नपाउने गरी नियन्त्रणमा लिई राखिने ।

ग) तरकारी तथा फलफूल ढुवानी गर्दा बिल, क्वारेन्टाईन र विषादि जाँचपासको निस्सा पेश गर्नु पर्ने ।

घ) डबल क्याव सवारीलाई ढुवानीको लागि जिल्ला बाहिर जान अनुमती नदिने । जिल्ला भित्र खाद्यान्य,तरकारी तथा फलफूल, दुध, कुखुरा, अण्डा दाना आदि ओसार पसार गर्न सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा दिईने । अनुमती दिइएको बाहेक अन्य वस्तु ओसारपसार गरेमा तथा सवारीमा चालक र सहचालक बाहेक अन्य व्यक्तिहरु राखेको पाइएमा उक्त सवारीलाई आवश्यक कारवाही गरी लकडाउन अवधीभर सवारी संचालन गर्न नपाउने गरी नियन्त्रणमा राखिने ।

ङ) जिल्ला भित्र खाद्यान्न ढुवानी गर्दा बिहान १० बजे भित्र र बेलुका ४ बजेपछी मात्र ढुवानी गर्ने व्यवस्था मिलाउने ।

च) जिल्ला बाहिरबाट तयारी मासुको ढुवानी नगर्ने ।

**निर्णय नं. ५ :**

सहकारी, बैंक तथा वित्तिय संस्था, विमा कम्पनी, खाद्यान्न तथा अत्यावश्यक सेवाका पसल संचालन र निमार्ण कार्य संचालन गर्दा देहाय वमोजिम गर्ने ।

**क) सहकारी, बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी संचालन सम्बन्धमा ।**

- एक तिहाई कर्मचारी परिचालन गरी संचालन गर्ने व्यवस्था मिलाउने ।
- बैंकिङ्ग सेवा प्रवाह गर्ने बैंक तथा वित्तिय संस्थाहरु हप्तामा १ दिन बुधबार बिहान १० बजे देखि दिउँसो १ बजे सम्म संचालनमा रहने ।
- सहकारी संस्थाहरु हप्ताको १ दिन बुधवार बिहान १० बजे देखि दिउँसो १ बजे सम्म मात्र संचालन गर्ने ।
- बिमा कम्पनीहरु हप्ताको १ दिन आइतवार मात्र संचालन गर्ने ।
- सेवा संचालन गर्दा अनिवार्य रुपमा हातधुने साबुन पानी, स्यानीटाईजर, ज्वरो नाप्ने यन्त्र, मास्कको प्रयोग र एकै स्थानमा कार्यालयमा भिडभाड नगराई सामाजिक दुरी कायम गरी संचालन गर्ने सो नगरेको पाइएमा सेवा बन्द गराईने ।

**ख) निर्माण सम्बन्धी कार्य संचालन सम्बन्धमा**

- निर्माण कार्य संचालन र निर्माण सामग्री ढुवानीको लागि निर्माण व्यवसायीले सम्बन्धित पालिकाको सिफारिस संलग्न गरी जिल्ला प्रशासन कार्यालयले तोकेको ढाँचामा निवेदन पेश गरी संचालन अनुमती लिने ।

हरिकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी

(२।२)

Scanned with CamScanner

- निर्माण सामग्री बिक्री वितरण गर्ने फर्म/संस्थाहरुले आफ्नो फर्म/संस्थाको विवरण पेश गरी ढुवानी अनुमती लिने ।
- एउटा निर्माण व्यवसायीलाई निर्माण कार्यको रेखदेखको लागि १ वटा मात्र सवारी साधनको अनुमती उपलब्ध गराईने यसरी अनुमती उपलब्ध गराएको सवारी साधनमा चालक १ जना र निर्माण व्यवसायीको प्रतिनिधि १ जना रहने गरी तोकिएको क्षेत्रमा मात्र संचालन हुने ।
- निर्माण सामग्री ढुवानी गर्ने साधनले सम्बन्धित निर्माण स्थलमै सामग्री अनलोड गर्ने व्यवस्था मिलाउने ।
- बिहान १० बजे देखि दिउँसो ३ बजे सम्म निर्माण सम्बन्धीका कुनै पनि सवारी साधनहरु संचालन नगर्ने ।
- आयोजनामा काम गर्ने श्रमीकहरुलाई सम्बन्धित निर्माण कम्पनीले स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाई एकै स्थानमा आवासको व्यवस्था गर्ने, कार्यस्थलमै खाना/खाजाको व्यवस्था मिलाई स्थानीय व्यक्तिहरुसँग सम्पर्कमा नरहने गरी स्वास्थ्य सुरक्षा सर्तकता अपनाई काममा लगाउने ।

ग) अत्यावश्यक सेवा संचालन सम्बन्धमा

- अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु (इन्धन, दाल, चामल, तेल, नुन, दुधडेरी, तरकारी तथा फलफूल) का पसलहरुमा अनिवार्य रुपमा हात धुनको लागि साबुन पानीको व्यवस्था सहित सामाजिक दुरी कायम गरी प्रत्येक दिन विहान ११ बजे देखि दिउँसो १:०० बजे सम्म मात्र संचालन गर्ने र अन्य सबै प्रकारका व्यवसायहरु बन्द रहने ।
- जनक शिक्षा सामग्री केन्द्र लिमिटेडवाट पाठ्यपुस्तक विक्रीको लागि अनुमती लिएका पुस्तक पसलहरु विहान ११ बजे देखि दिउँसो १ बजे सम्म मात्र संचालनमा रहने ।
- बढीमा ५ जना सम्म कामदार रहने गरी सवारी साधनहरुको मर्मत गर्ने वर्कशप, इन्टरनेट जडान र मर्मत प्लम्बिङ्ग तथा इलेक्ट्रिकल सेवा जिल्ला प्रशासन कार्यालयबाट अनुमती लिई संचालन गर्ने ।
- अस्पताल, स्वास्थ्य संस्था, औषधी पसलहरु र पेट्रोल पम्प २४ सैं घण्टा संचालनमा रहने ।

निर्णय नं. ६ :

बिरामी, सुत्केरी लागि एम्बुलेन्स प्रयोग गर्ने एम्बुलेन्स उपलब्ध हुन नसकी अन्य सवारी साधन प्रयोग गर्दा अस्पतालको कागजात संलग्न गरी निवेदन पेश गर्नुपर्ने । एम्बुलेन्समा बिरामी १ जना र बिरामीको कुरुवा बढीमा २ जना सम्म रहने । बिरामीको अस्पतालको कागजात अनिवार्य रुपमा राखी चेकजाँच गर्न खटिएको सुरक्षाकर्मी तथा कर्मचारीहरुले माग गरेको अवस्थामा देखाउनु पर्नेछ । बिरामी बाहेक अन्य अनाधिकृत व्यक्ति राखेको पाइएमा एम्बुलेन्स चालक र निकायलाई कानून बमोजिम कारवाही गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner